# गोरखापत्र संस्थान
प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ

## गोदाम घर भाडामा लिने सम्बन्धी पुनः बोलपत्र आह्वानको सूचना

**(प्रथमपटक प्रकाशित मिति : २०७७।०३।१४)**

**सा.प्र. सूचना न. १०/०७६/०७७**

**गोरखापत्र संस्थानका मुद्रण सम्बन्धीका सामग्रीहरू (न्युजप्रिन्ट रोल कागज, मसीलगायत) भण्डारण गर्नका लागि देहायका सर्त, सुविधा र क्षेत्रभित्र करिब ४००० वर्ग फिट क्षेत्रफलको गोदाम घर आवश्यक भएकोले इच्छुक गोदाम घरधनीले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।**

**सर्तहरू :**

१. बोलपत्र फाराम रु. ३०००।-(अक्षरेपी तीन हजार रूपियाँ मात्र) तिरी पछि फिर्ता नहुने गरी संस्थानको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ र उक्त फाराम भरी पेस गरेको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

२. गोदाम घरधनीको नागरिकताको प्रतिलिपि, जग्गा धनी प्रमाणपत्र र पासपोर्ट साईजको फोटो एक प्रति बोलपत्रसाथ संलग्न हुनुपर्नेछ।

३. संस्थानलाई भाडामा उपलब्ध गराउन प्रस्ताव गरेको गोदाम घर काठमाडौँ र ललितपुर जिल्लाभित्रको (रिङरोड) चक्रपथभित्र वा चक्रपथबाहिर बढीमा ३ (तीन) कि.मी. दूरीभित्र हुनुपर्नेछ।

४. गोदाम घरसम्म ठूला ट्रक आवत जावत गर्न सकिने हुनुपर्नेछ।

५. प्रचलित नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा लाग्ने कर भुक्तानीको जिम्मेवारी घरधनीकै हुनेछ। संयुक्त नामको भएमा सबै घर गोदाम/जग्गाधनीको र कम्पनी/संगठित संस्थाको स्वामित्वमा संस्थाको पत्र अनिवार्य हुनेछ।

६. मासिक, द्वैमासिक र त्रैमासिक रूपमा गोदाम घरभाडा भुक्तानी गर्न सकिने भनी सम्झौतापत्रमा उल्लेख गर्न सकिनेछ। बोलपत्र पेस गर्दा सिलबन्दी खाम बाहिर गोदाम सम्बन्धी बोलपत्र फाराम भन्ने प्रस्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू गोरखापत्र संस्थान प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ।

७. बोलपत्रदाताले रु. ५०,००० ।-(अक्षरेपी पचास हजार रूपियाँ मात्र) रकम धरौटी बापत संस्थानको ने.बैं.लि. काठमाडौँ अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००१ मा नगद जम्मा गरी सोको बैंक भौचर वा मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैकबाट सो रकम बराबरको ९० दिनको बैक ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी बोलपत्र पेस गर्नुपर्नेछ।

८. बोलपत्र आह्वानको सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५औँ दिन अर्थात् २०७७।०३।२८ गते दिनको १२:०० बजेभित्र बोलपत्र संस्थानमा दर्ता भइसक्नुपर्नेछ। उक्त दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बुझाउन सकिनेछ। रीत नपुगेका, सर्तहरू राखिएका तथा म्याद नाघी आएका बोलपत्रउपर कुनै कारबाही गरिनेछैन।

९. बोलपत्रमा उल्लेख गरेको दररेट अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरी लेखिएको हुनुपर्नेछ, फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

१०. प्राप्त भएका बोलपत्रहरू १५औँ दिन अर्थात् मिति २०७७।०३।२८ गते दिनको २:०० बजे संस्थान भवनमा खोलिने छ। यदि उक्त दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ।

११. माथि जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्रदातालाई कुनै कारण जनाउ नदिइकन पनि बोलपत्र आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहनेछ।

१२. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र संस्थानमा उपस्थित भई ५ प्रतिशत कार्यसम्पादन जमानत जम्मा गरी द्विपक्षीय सम्झौता गर्नुपर्नेछ। उक्त समयभित्र सम्झौता गर्न नआएमा संस्थानले धरौटी जफत गरी वैकल्पिक व्यवस्था गर्नेछ।

१३. स्वीकृत बोलपत्रदाताले सम्झौता भइसकेपछि कबुलियत बमोजिमको सेवा उपलब्ध नगराएमा संस्थानले सम्झौता रद्द गरी धरौटीबापतको रकम जफत गर्नेछ।

१४. यसमा नपरेका अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन, नियमअनुसार हुनेछन्।

**सामान्य प्रशासन शाखा**
**गोरखापत्र संस्थान**
**फोन न. ४२२३०७८**